नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार,
काठमाण्डौ, नेपाल

प्रशासन शाखा

पत्र सं. : ०७४।७५
च.नं. : ३५२

मिति : २०७४।१२।०४

श्री योजना तथा अन्तराष्ट्रय व्यापार सहयोग महाशाखा प्रमुख,
वाणिज्य मन्त्रालय
श्री प्रशासन, निर्यात प्रवर्द्धन, व्यापार तथा पारवहन महाशाखा प्रमुख,
वाणिज्य मन्त्रालय
श्री महानिर्देशक, वाणिज्य विभाग
श्री कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र,
श्री महा-प्रबन्धक,नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड
श्री कार्यकारी निर्देशक, नेपाल ईन्टरमोडल यातायात विकास समिति

विषय: निर्देशन कार्यान्वयन सम्बन्धमा ।

सम्माननीय प्रधानमन्त्रीज्यूले मिति २०७४/१२/०४ गते दिनु भएको निर्देशन यसैसाथ संलग्न राखि तहाँको जानकारी एवं आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७४।१२।०४
(छवि किरण पौडेल)
शाखा अधिकृत

फोन नं. +९७७-१-४२११४४६, ४२११६४३ फ्याक्स नं. +९७७-१-४२११६७
Website: www.moc.gov.np, E-mail: info@moc.gov.np

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :.....

सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७४।१२।०४ गतेका दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा माननीय मन्त्रीज्यूहरू समेतको उपस्थितिमा नेपाल सरकारका सचिव एवं विशिष्ट श्रेणीका अधिकृतहरूलाई दिनु भएको निर्देशनका देहाय बमोजिमका मुख्य बुँदाहरू सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस-विज्ञप्ती जारी गरिएको छ :

१. ठूलो राजनीतिक परिवर्तन पश्चात् आएको यो परिस्थिति हामीलाई सामान्य जस्तै लागे पनि यो अवस्था सामान्य छैन। "**समृद्ध नेपाल र सुखी नेपाली**" को राष्ट्रिय लक्ष्य प्राप्त गर्नका लागि नयाँ उत्तरदायित्व र अभिभारा सहित जिम्मेवारी प्राप्त गरेका छौं।

२. राजनीतिक परिवर्तन पश्चात् नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भइ तीनै तहको सरकार गठन भएको छ। अब जनताले अनुभूति गर्ने र व्यवहारबाट प्रमाणित हुने गरी "**सिंहदरबारको अधिकार गाउँसम्म**" भन्ने नारालाई सार्थक बनाउन जरूरी छ। परिवर्तन परिवर्तनको लागि मात्र नभएर जनताको जीवनमा गुणात्मक परिवर्तन आएको अनुभूति हुनु पर्दछ। परिवर्तन उपलब्धि र नतिजामा प्रतिबिम्बित हुनु पर्दछ।

३. विगतका सरकार भन्दा व्यवहारबाट नितान्त भिन्न देखिने गरी जुनसुकै कारण र वहानाबाट नअल्मिइ जनताले के पाए: रोजगारी पाए/पाएनन्, अस्पताल बने/बनेनन् जनताको जीवनमा सुधार आयो/आएन, जनताले उन्नत बीउ बीजन पाए/पाएनन्, सामाजिक सुरक्षाको प्रत्याभूति भयो/भएन, सिंचाइ सुविधा उपलब्ध भयो/भएन जस्ता उपलब्धिहरूबाट परिवर्तन प्रमाणित हुन जरुरी छ।

४. नेपालको संविधान बमोजिम बनेको प्रदेश सरकार सामु थुप्रै चुनौतीहरू छन्। कानुनको अभाव छ । बस्ने ठाउँको अभाव छ। अन्य आवश्यक पूर्वाधार र सुविधाहरूको कमी छ। यसको बावजुद कुनै सम्झौता नगरी जनताको अपेक्षा अनुरूप काम गर्नु परेको छ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :.....

५. यो अवस्थामा स्थायी सरकार भनिने कर्मचारीतन्त्रबाट बिगतमा झै सहयोगको आग्रह गर्ने, औपचारिकतामा मात्र सीमित हुने परिस्थिति छैन।

६. राजनीतिक संक्रमणकालको अन्त्य पश्चात् हामी संमृद्ध नेपालका लागि आर्थिक रुपान्तरण, सशक्तिकरण, सवलीकरण, तीब्र आर्थिक बृद्धि, सुशासनको प्रत्याभूति, भ्रष्टाचारको अन्त्य गर्दै अघि बढ्नु जरूरी छ।

७. हामी एकातिर समृद्धिको सपना र अर्कोतर्फ नाजुक अर्थतन्त्रका बीचमा छौं। देशको विद्यमान अर्थतन्त्रको अवस्थाको बारेमा नेपाल सरकारले छिट्टै स्वेत पत्र जारी गर्ने नै छ।

८. जतिसुकै अप्ठ्याराहरू भए पनि समयले सुम्पेको गहन जिम्मेवारी पुरा नगरी भएकै छैन। जुनसुकै वहाना, तर्क र कारण रहे पनि सफलता बाहेक हामीसंग अर्को विकल्प छैन।

९. हाम्रा विकास आयोजनाहरूबाट जुनसुकै हालतमा पनि निर्धारित लक्ष्य प्राप्त गर्नै पर्ने भएको छ। रोजगारीको अवसर सिर्जना गर्नै पर्ने अवस्था छ। उत्पादन र उत्पादकत्व बढाउनै पर्ने छ। यसका लागि पूँजीगत बजेट खर्च बढाउनै पर्ने छ।

१०. देशको समग्र विकासको लागि हामी प्रतिवद्ध छौं तर परिस्थति अपठ्यारो छ। असफल पार्ने विभिन्न तत्वहरू पनि छन्। तर हामी सफलता हासिल गर्नु पर्ने बाध्यकारी अवस्थामा छौं। यसका लागि हाम्रो इमान्दार प्रयास, एकतावद्ध, दृढ संकल्प, गतिशीलता, समन्वय, आपसी सहयोग जरूरी छ।

११. स्वाधीन अर्थतन्त्रको लागि आन्तरिक पूँजी परिचालन गर्न आवश्यक छ। सबै आर्थिक कारोबार बैकिङ्ग प्रणालीमा आधारित हुनु पर्दछ। पूँजीलाई जति परिचालन गऱ्यो उति गुणात्मक लाभ प्राप्त हुने हुँदा अर्थ मन्त्रालयले यस सम्बन्धमा विशेष ध्यान दिनु जरूरी छ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-
मिति :

१२.हाम्रावीच प्रतिवद्धता पुरा गर्ने पाँच आधारहरू रहेका छन् : समय सदुपयोगको सिद्धान्त, स्रोत साधन सुदपयोगको सिद्धान्त, योजनाबद्ध प्रयास, गतिशीलताको सिद्धान्त र एकाग्रताको सिद्धान्त (Theory of Concentration)। यी सिद्धान्तहरूलाई अबलम्बन गरी ठोस नतिजा आउने गरी अग्रसर हुन जरूरी छ।

१३.हामीले संकल्प गरे बमोजिम "**समृद्ध नेपाल र सुखी नेपाली**"लाई व्यवहारमा सार्थक बनाउन सम्पूर्ण क्षेत्रमा विकास, पूर्वाधार विकास, कनेक्टिभिटी, नवीन प्रविधिको प्रयोग र सञ्चारलाई विकासको आयोजनासंग आवद्ध गर्न जरूरी छ।

१४.हाइड्रोपावरलाई बहुउद्देशीय ढंगले प्रयोग गर्ने र अरू वैकल्पिक उर्जाको क्षेत्रमा पनि ध्यान दिनु जरूरी छ। विगतमा झैं पर्यटन, उद्योग, व्यापार, सेवाक्षेत्रमा सुस्त र शिथिल गतिले परिवर्तन सम्भव छैन, त्यसैले सबै क्षेत्रमा तीव्रताका साथ काम हुन जरूरी छ।

१५.शारीरिक तथा मानसिक दृष्टिकोणले असक्तहरूको दायित्व राज्यले लिने भए पनि सक्षमहरूले काम गर्नु पर्छ। परिनिर्भर मानसिकता त्याग्नु पर्छ।

१६.अब राजनीतिक तार्किकताको श्रेष्ठताको अर्थ रहँदैन। जनताको जीवनसंग सरोकार रहने गरी परिवर्तन आवश्यक छ । अव देशमा विप्रेषणको निर्भरतालाई घटाउनु पर्छ।

१७.अराकजता, दण्डहीनताको अन्त्य गरी कानूनी राज्यको प्रत्याभूति, पारदर्शिता, शान्ति, सुरक्षा तथा सुशासनलाई सुदृढ गर्न जरूरी छ ।

१८.माननीय मन्त्रीहरूले समेत आफ्नो जिम्मेबारी पुरा गर्दा कुनै दवाव र प्रभावबाट प्रभावित नभई संविधान र कानुन बमोजिम काम गर्नु जरूरी छ। कानुनको दृष्टिकोणमा सबै नागरिक बराबर रहेको कुराको हेक्का राख्नु पर्छ।

१९.सरकारका सचिवहरू विगतमा झैं नेताहरु कहाँ धाउने परिपाटीको अन्त्य हुनु पर्छ । कामको उचित मुल्यांकन हुन्छ । भनसुनबाट सरुवा, बढुवाको काम पुराहुने होइन बरू यस्ता गतिविधिहरूबाट अब नकारात्मक मुल्याङ्कन हुनेछ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :.....

२०.दिगो विकासका लक्ष्य प्राप्त गर्न दुई वर्ष व्यतित भइ सकेको र बदलिएको परिस्थितिलाई समेत ध्यान दिइ निर्धारित समयभन्दा अगावै लक्ष्य प्राप्त गर्ने गरी काम गर्न जरुरी छ। आगामी चार वर्ष भित्र देशमा गरिबीको अवस्थामा सुधार ल्याइ अति कम विकसित देशबाट ग्राजुयसन गरी विकासशील मुलुकमा रूपान्तरण गर्न आवश्यक छ। यसको लागि दोहोरो अंकको आर्थिक वृद्धि हासिल गर्ने गरी लाग्न जरुरी छ।

२१.नेपालको संविधान बमोजिम तोकिएको समय भित्र बनाइसक्नु पर्ने मौलिक हकसंग सम्बन्धित नयाँ कानुनहरू निर्माण तथा संविधान बमोजिम आवश्यक पर्ने अन्य नयाँ कानुन निर्माण, मौजुदा कानुनको पुनरावलोकन, परिमार्जन, संशोधन गर्न ढिलो भइ सकेको छ। समृद्ध नेपाल निर्माण गर्ने काम कानुनी प्रक्रियाद्धारा नै सम्पादन हुने हुँदा यसको महत्वलाई ध्यान दिनु जरुरी छ।

२२.हाम्रा पुर्खाहरूको सिर्जनशिलताप्रति गर्व गर्दै अनुवांशीक निरन्तरता हुने गरी नव प्रवर्तन र सिर्जनशिलताको प्रयोग गरी देशलाई समुन्नत हुने दिशामा अग्रसर हुन जरूरी छ।

२३.विकास निर्माणको लक्ष्य निर्धारण गर्दा निम्छरो पाराले होइन, असम्भव पनि नहुने गरी महत्वाकांक्षी कार्यक्रमको पहिचान गरौं। उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग हुने गरी लक्ष्य निर्धारण गरौं।

२४.देशको सर्वाङ्गीण विकासको लागि सरकारले सबैका रचनात्मक, सकारात्मक सुझाव सुन्न तयार छ तर अनावश्यक दवाव र प्रभाव स्विकार हुने छैन। यही मान्यताबाट सबै राष्ट्रसेवकहरू अविचलित भइ आफ्नो जिम्मेवारीमा दृढताका साथ लाग्नु जरूरी छ।

२५.विगतमा झैं सामान्य लक्ष्यबाट परिवर्तन सम्भव छैन त्यसैले ठोस उपलब्धिका लागि गहन लक्ष्य तथा उद्देश्य लिइ अघि बढ्नु जरूरी छ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

पत्र संख्या :-

च.नं. :-

मिति :.....

२६.देशको लागि अघि बढ्दा देहाय बमोजिम प्रतिवद्धताका पाँच आधारलाई मनन् गर्न जरूरी छ:

- राष्ट्रिय एकता,
- देशको सार्वभौमिकता, स्वाधिनता, भौगोलिक अखण्डता, सर्वोपरी राष्ट्रिय हित, राष्ट्रिय गौरव तथा प्रतिष्ठाको प्रवर्द्धन,
- लोकतन्त्रका आधारभूत मूल्य र मान्यता प्रति प्रतिबद्धता,
- समान अधिकार, समान अवसर, सबैलाई सम्मान र समान सद्भाव तथा सामाजिक न्याय र
- विविधता तथा पूर्ण लोकतन्त्र (entire democracy)

२७.सबैको लागि समान अवसर र अधिकारलाई सुनिश्चितता प्रदान गर्ने गरी अघि बढ्नु जरूरी छ।

२८.मुलुकको राष्ट्रिय अखण्डतामा आँच पुग्ने तथा पृथकतावादी सोच र क्रियाकलाप सह्य हुन सक्दैन। स्थायित्व, शान्ति, सुव्यवस्था तथा सुशासन कायम गर्न कुनै पनि आवरणमा हुने गैरकानुनी गतिविधिहरू कानुन बमोजिम निस्तेज पार्नु जरुरी छ।

२९.प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाको प्रावधान, भावना र मर्म अनुरूप कार्यान्वयन गर्न जरुरी छ। कृषिमा निर्भर ६५ प्रतिशत जनतालाई १५ प्रतिशतमा झार्ने र उत्पादनमा ४ गुणा बृद्धि गर्ने गरी काम गर्न आवश्यक छ।

३०.निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन हुने गरी घरेलु तथा साना उद्योगलाई प्रवर्द्धन गर्न जरूरी छ।

३१.पर्यटन प्रवर्द्धनबाट थप रोजगारी सिर्जना गर्ने गरी कार्यक्रम ल्याइनु पर्छ।

३२.संविधानको सफल कार्यान्वयनका निम्ति न्यायिक क्षेत्रको सम्मान अभिवद्धि हुने गरी सुधार आवश्यक छ।

३३.भ्रष्ट्राचारको पूर्ण नियन्त्रण गर्ने गरी संरचनात्मक सुधारको थालनी भइ सकेको छ। नतिजा देखिने गरी कार्ययोजना सहित आवश्यक काम गर्नु जरूरी छ।

पत्र संख्या :-

च.नं. :-

मिति :.....

३४.परिवर्तित परिवेश अनुरूप शासकीय सुधार गर्दै अधिकाधिक जन परिचालन र जन सहभागिता जुटाइ तीनै तहका सरकार मार्फत विकास निर्माणमा सहयात्रा गर्न आवश्यक छ।

३५. परम्परागत शैक्षिक ढाँचामा परिवर्तन गरी स्वरोजगारीको अवसर सिर्जनाका लागि सीपमुलक, आयमुलक तथा प्राविधिक शिक्षामा जोड दिनु जरुरी छ।

३६.वातावरणीय सुधार, हरियाली प्रवर्द्धन र सरसफाइ कार्यक्रमलाई उपलब्धिमुलक र दिगो बनाउने अभियानको रुपमा संचालन गर्न आवश्यक छ।

३७.विकास निर्माण तथा सेवाप्रवाहको गुणस्तरमा कुनै प्रकारको सम्झौता नहुने गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न जरूरी छ। सिण्डिकेट तथा कार्टेलिङ जस्ता कानुन विपरीतका एकाधिकार कायम गर्ने प्रयत्नहरू सरकारका लागि सह्य हुँदैनन्। सम्बन्धित क्षेत्रका जायज गुनासो भए कानुन सम्मत हिसावले समाधान गरिने छन्।

३८.विकास निर्माणका आयोजनाहरूमा कुनै पनि कारण वा बहाना देखाई म्याद थप्ने, बजेट थप्ने कार्य गर्नु गराउनु हुँदैन। गुणात्मक उपलब्धिलाई मात्र आयोजनाको कार्य प्रगति मानिनु पर्छ।

३९.विकास निर्माण तथा सेवाप्रवाहको प्रभावकारी अनुगमन हुनुपर्छ। अनुगमनको पनि अनुगमन हुनेछ। सो पश्चात् प्रधानमन्त्री स्वयंबाट पनि अनुगमन हुनेछ। अनुगमनकर्ताबाट पनि गल्ती भएको पाइएमा कसैले पनि छुट पाउने छैनन्।

४०.सुरक्षा निकाय लगायत सबै निकायका प्रमुखहरू आफू मातहतको नजरबाट नगिर्ने गरी काम गर्नुहोस् । यसो भएमा मात्र भ्रष्ट्राचार नियन्त्रण गर्न र सुशासन कायम गर्न सक्नु हुनेछ। नजिकबाट नियाल्दा पनि छबीमा धब्बा/दाग नलाग्ने गरी शिर ठाडो हुने गरी जिम्मेवारी पुरा गर्नु होला।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई.मेल : info@nepal.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति .....

४१.संघ, प्रदेश र स्थानीय सरकारको काम सुचारू गर्न जनशक्तिको अभाव नहुने गरी तथा कर्मचारी वर्गमा सेवा शर्तको सुरक्षा र बृत्ति विकासमा प्रतिकुल असर नपर्ने गरी कर्मचारी समायोजन सम्बन्धी कामहरू गर्दै जानुहोस् तर यस सम्बन्ध हड्वड्मा गलत निर्णय हुन नदिन सचेत हुन जरुरी छ। राष्ट्रसेवक कर्मचारीहरू अनुशासित र मर्यादित भइ आचार संहिताको पालना गरी आफूलाई खटाइएको जिम्मेवारी पुरा गर्न तत्पर रहनु पर्छ।

४२.सबै राष्ट्र सेवकहरूले आफ्नो कर्तव्य अनुरुप जिम्मेवारी निर्वाह गर्नु पर्दछ। सदाचारमा रही सेवाग्राहीको नजरमा अनुकरणीय देखिने गरी छिटो छरितो, पारदर्शी, मितव्ययी तथा गुणस्तरीय सेवा प्रदान गर्नु पर्दछ।

४३.इतिहासको यो कालखण्डमा गरिव देशलाई समृद्ध बनाउन जिम्मेबारी बहन गर्ने अवसर प्राप्त भएको छ। यस जिम्मेबारीलाई व्यवसायिक एवं कुशलतापूर्वक सम्पादन गर्नुहोस्।

४४.नेपालको वैदेशिक सम्बन्धलाई असल छिमेकीको सम्बन्ध, लगानीको लागि यथोचित एवम् अनुकूल वातावरणको सिर्जना हुने गरी देशको बृहत्तर हितमा कानुन सम्मत तवरले सुदृढ गर्ने सिद्धान्तमा आधारित हुनेछ।

४५.सार्वजनिक खर्चमा मितव्ययिता अबलम्बन गरी व्यवस्थापन गर्न ध्यान दिनु आवश्यक छ।

४६.देशको आर्थिक अवस्था तथा जनताको गरिवीलाई मध्यनजर गरी कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई सम्पादित कामको गुणस्तर र नतिजाको आधारमा मात्र प्रदान गर्ने व्यवस्था मिलाउनु होला।

४७.देशको आर्थिक तथा मौद्रिक अवस्था कमजोर रहेकोले किफायती ढंगले बजेट परिचालन गर्न जरुरी छ।

४८.विप्रेषणलाई बैकिङ्ग प्रणाली अन्तर्गत ल्याउनु पर्छ। कुनै महत्वपूर्ण एउटै मात्र नीतिगत निर्णयले पनि अरबौंको राजश्व छलीलाई दायरामा ल्याउन सकिने हुँदा यसतर्फ सम्बन्धित मन्त्रालयहरूले विशेष ध्यान दिनु जरुरी छ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई.मेल : info@nepal.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.....शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :.....

४९. **"मै बनाउँछु मेरो धरहरा"** अभियानलाई सफल पार्न सम्बन्धित सबै निकायले आवश्यक तत्परता देखाउनु होस्।

५०. शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रका महत्वपूर्ण क्षेत्रमा समय सापेक्ष सुधार गरी उपयुक्त कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ध्यान दिनुहोस् ।

५१. राजश्व प्रशासनमा आमूल सुधार ल्याइ राजश्व छली तथा चुहावट गर्नेहरू उपर कडा कारवाहीको अभियान थाल्नुहोस्।

५२. माथि उल्लिखित समग्र विषयमा सम्मानीय प्रधानमन्त्रीज्यूको स्प्रिट अनुरूप प्रभावकारी रुपमा कार्यान्वयन हुने विश्वास सम्मानीय प्रधानमन्त्रीज्यूले लिनु भएको छ ।

निर्देशन पश्चात नेपाल सरकारका मुख्य सचिवज्यूबाट सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशनलाई सम्पूर्ण राष्ट्रसेवकहरूले अक्षरश पालना एवं कार्यान्वयन गर्ने गराउने प्रतिवद्दता व्यक्त गर्नु भएको थियो ।

बिनोद बहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल